आज मिति २०८० असार ५ गते सोमबारको दिन दार्मा गाउँपालिका आ.व. २०७९/८० को २० औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री हेमन्त बहादुर थापा | ग.प. |

**प्रस्तावहरू**

१. गाउँसभाको तयारी सम्बन्धमा।

२. नीति कार्यक्रम पास गर्ने सम्बन्धमा।

३. बजेट तथा कार्यक्रम तयारी सम्बन्धमा।

४. स्थानीय आर्थिक विकास संवाद समिति गठन समिति सम्बन्धमा।

५. आर्थिक सहयोग सम्बन्धमा।

६. असाधारण विदा सम्बन्धमा।

७. जग्गा भोगाधिकार दिने सम्बन्धमा।

८. आ.वि. ज्यामिरेचौरको विद्यालय मर्मत सम्बन्धमा।

९. विविध सम्बन्धमा।

**निर्णय नं. १**

गाउँसभाको १३ औँ अधिवेशनको वैठक सहिदस्मृती हलमा आयोजना गर्ने र अतिथिको रुपमा पूर्व उपाध्यक्ष, पूर्व वडा अध्यक्ष, सुरक्षा निकाय र पत्रकारलाई मात्र आमन्त्रण गर्ने।

**निर्णय नं २**

आ. व .२०८०/८१ को नीति तथा कार्यक्रम पेश गरी अनुमोदनको लागि असार ७ गतेको कार्यपालिका बैठकमा पेश गर्ने।

**निर्णय नं ३**

आगामी आर्थिक वर्ष २०८०/८१ को लागि शाखा तथा वडाबाट प्राप्त बजेट तथा कार्यक्रमको सिलिङलाई सम्बन्धित विषयगत समितिहरुमा छलफलको लागि पठाउने।

**निर्णय नं ४**

दार्मा गाउँपालिकाको आर्थिक विकास संवाद समिति तपसिल बमोजिम गठन गर्ने।

| | | |
|---|---|---|
| १. | निम बहादुर के सी | संयोजक |
| २. | जुना मल्ल चन्द | सदस्य |
| ३. | धनिराम नेपाली | सदस्य |
| ४. | कमला पाण्डे बस्नेत | सदस्य |
| ५. | निम बहादुर रोकाय | सदस्य |

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

६. हरिकला पाण्डे सदस्य
७. बिरेन्द्र वली सदस्य
८. प्रकाश शर्मा सदस्य
९. रेशम ओली सदस्य सचिव

**निर्णय नं ५**

क) जिल्ला खेलकुद विकास समिति सल्यानले आर्थिक सहयोगको लागि दिएको निवेदन उपर छलफल गर्दा उक्त समितिलाई रु. ५०००० (पचास हजार ) आर्थिक सहयोग उपलब्ध गराउने ।

**निर्णय नं ६**

यस कार्यालयमा कार्यरत लेखापाल श्री दिपक कवँरलाई निजको असाधारण विदा माग निवेदन तथा मुसिकोट खलंगा बहुमुखी क्याम्पस, रुकुम पश्चिमको अध्ययन स्वीकृती पत्र बमोजिम निजामती सेवा ऐन, २०४९ को दफा ७१ तथा निजामती सेवा नियमावली, २०५० को नियम ६२ बमोजिम असाधारण विदा स्वीकृत गरी कर्णाली प्रदेश प्रमुख सचिव समक्ष सिफारिस गर्ने ।

**निर्णय नं ७**

इलाका प्रहरी कार्यालय फारुलाचौरबाट जग्गा भोगाधिकार सहमती माग भई आएकोमा दार्मा गाउँपालिकाको नाममा दर्ता श्रेस्ता भएको तपसिलको जग्गा ईलाका प्रहरी कार्यालय फारुलालाई भोगाधिकार दिने ।

तपसिल

| क्र.स. | जग्गाधनीको नामथर र ठेगाना | कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**निर्णय नं ८**

आधाभुत विद्यालय ज्यामिरेचौरमा विद्यालय जिर्ण भई भत्कीएर कक्षा कोठाको अभाब भई पठनपाठनमा समस्या देखिएको हुँदा तत्काल मर्मत संभार गर्न कार्यादेश दिने ।

**निर्णय नं ९**

मालपोत कार्यालयबाट आ.व. २०८०/८१ मा रजिष्ट्रेशन पारित हुने लिखतमा थैली अंक कायम गर्ने आ.व. २०७९/८० को मूल्यांकन पुस्तिकामा उल्लेखित यस पालिकाभित्रको जग्गाहरुको मूल्यांकण बढाउने तथा नयाँ ठाउँ थप गर्नुपर्ने नभएकोले यथावत राख्न सिफारिस गर्ने ।

निम बहादुर के सी.
अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत